नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ | अंक २५९ | २०८३ साल जेठ ९ गते शनिबार (23 May 2026 Saturday) | मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : मलमासमा जाग्ने गेरुका ... ३ पृष्ठमा : असामान्य वर्षा: प्रि-मनसुनको ... ३ पृष्ठमा : गर्मीले भारतमा बिजुली ...

## आश्वासनमा मात्र पाएको भन्दै लालपूर्जा माग्दै नगरवासी अनशनमा



**दैनिक समाचारदाता**
**राजविराज, ८ जेठ।**

लालपूर्जा माग्दै नगरवासीले शुक्रबार साँझदेखी राजविराज नगरपालिका कार्यालयको सभाकक्षमा अनसन सुरु गरेका छन्।

यअसघि सरोकारवाला निकायलाई सात दिने अल्टिमेटमसहित बुझाइएको ज्ञापनपत्र उपर कुनै चासो नदेखाइएको भन्दै नगरवासीले अनसन थालेका हुन्।

शुक्रबार साँझसम्म कार्यवाहक नगरप्रमुख इसरत परविनसँग चलेको वार्ता निश्कर्षविहीन र आश्वासनमा मात्र सीमित भएकाले बाध्य भई वार्ता स्थल नगरपालिकाको सभा कक्षमै अनसन थालिएको जनआन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासले जानकारी दिए।

यसअघि जनआन्दोलन परिचालन समितिले गत बैशाख २४ गते लापूर्जाबिहीन नगरका ५ हजार २ सय परिवारलाई लालपूर्जा प्रदान गर्नुपर्ने एक सूत्रिय माग अघि सार्दै प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल, नापी कार्यालय, भूमि सुधार तथा मालपोत कार्यालय र राजविराज नगरपालिका कार्यालयलाई सात दिने अल्टिमेटमसहितको ध्यानाकर्षण पत्र बुझाएको थियो। तर सो समयसीमा सकिएपनि सरोकारवाला कुनै निकायले पनि सक्रियता नदेखाएको लालपूर्जाविहीन नगरवासीको गुनासो छ।

दुई अघि मात्र नापी कार्यालयले नगरपालिका कार्यालयसँग रायसहितको जवाफ माग्ने र नगरपालिकाले उचित जवाफ दिन ढिलाई गरेकोले अनसन थालेको आन्दोलनकारीहरुको भनाई छ।

राजविराजको मुख्यबाजार तथा आसपासका गरी ७० बिगहा क्षेत्रफलमा राजविराज नगर स्थापना कालदेखि नै बसोवास गर्दै आएका ५ हजार भन्दा बढी परिवार हालसम्म लालपूर्जा पाउन नसकेको तथा समस्या परेका बेला नगरपालिकाबाट पाएको रसिद कै आधारमा बैंक तथा वितिय संस्थामा उक्त जग्गा धितो राखीपाउँदै गरेको ऋण सुविधा पनि विगत ८ वर्ष देखि रोकिदा नगरवासी समस्यामा परेका छन्।

बि.स. २०२८ सालमा राजविराज नगरपालिका क्षेत्रको नापी हुँदा उक्त जग्गाहरू गाउँब्लकमा रहेको भनि नापीको फिल्ड बुकमा स्पष्ट उल्लेख भएको छ। यस्तै २०१६ सालदेखि २०७५ साल सम्म उक्त जग्गाको खरिद बिक्री हुँदै आएको, अंशबण्डा, रजिष्ट्रेशन पास तथा बैंकमा धितो राखी ऋण पाउने गरेको, राजविराज नगरपालिकाको मिति २०८२ कार्तिक २८ गते बसेको नगर परिषदको बैठकले समेत लालपूर्जा प्रदान गर्न नापी कार्यालयलाई सिफारिश गरि सकेको भएपनि हालसम्म नगरवासी लालपूर्जा पाउनबाट बञ्चित छन्।

## तिलाठी कोइलाडी गाउँपालिकाले सुरु गऱ्यो बाढी पूर्व तयारी




**दैनिक समाचारदाता**
**राजविराज, ८ जेठ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले बाढी पूर्व तयारी सुरु गरेको छ। बाढीको उच्च जोखिममा रहेका उक्त पालिकामा मनसुन नजिकिदै गर्दा बाढी पूर्वतयारी गरेको हो। सो पालिका मुख्यत: खाँडो, जिता, महुली खोलामा आउने बाढीको उच्च जोखिममा रहँदै आएको छ।

गाउँपालिकाले शुक्रबार सरोकारबालाहरुको सहभागितामा बाढी पूर्वानुमानमा आधारित पूर्वकार्य सम्बन्धी सूचना संयन्त्र निर्माण तथा सोको परिचालनबारे पूर्व तयारी सुरु गरेको छ।

द कोकाकोला

***बाँकी अन्तिम पृष्ठमा***

## यातायात मजदुरद्वारा प्रजिअलाई ज्ञापन, कर्मचारीहरुको आन्दोलन स्थगित



**दैनिक समाचारदाता**
**राजविराज, ८ जेठ।**

राजविराज नगरपालिकाका सवइन्जिनियर मनोज कुमार यादवलाई कुटपिट गरेको आरोप लागेका गुलाब यादवको बचाउ गर्दै यातायात मजदुरका अगुवाहरुले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएका छन्।

नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका केन्द्रिय सदस्य धिरेन्द्र बर्मा धिरुको अगुवाईमा शुक्रबार जिल्ला प्रशसन कार्यालय पुगेको टोलीले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएको हो।

नगरपालिकाका सवइन्जिनियर यादवले पुरानो रिसिइवी साध्न गुलाबमाथी कुटपिटको झुठो आरोप लगाएको ज्ञापन पत्रमार्फत दाबी गरिएको छ।

ज्ञापन पत्रमा घटना बारे प्रत्यक्षदर्शी, स्थानीयवासी तथा वडाअध्यक्ष जयनारायण मण्डलसँग सत्यतथ्य बुझ्न आग्रहसहित निर्दोषलाई फसाउने प्रयास बिरुद्ध मजदुरहरु संगठित रुपमा आन्दोलनमा जाने चेतावनी समेत दिइएको छ।

यसैबीच तीन दिनदेखी धर्नामा बसेका नगरपालिकाका कर्मचारीहरुले शुक्रबार दिउँसोदेखी धर्ना कार्यक्रम स्थगित गरेका छन्।

प्रहरी प्रशासनले कुटपिट गर्ने गुलाबबिरुद्ध मुद्दा दर्ता भई पक्राउ पूर्जी समेत जारि भइसकेकाले आन्दोलनका कार्यक्रमहरु रोक्न आग्रह गरेपछी तत्कालका लागि धर्ना कार्यक्रम स्थगित गरेको राजविराज नगरपालिका कर्मचारी संघर्ष समितिले जनाएको छ।

राजविराज ८ निवासी गुलाव यादवले सवइन्जिनियर यादवलाई कुटपिट गरेको भन्दै विगत तीन दिनदेखी कारवाहीको माग गर्दै कार्यालयको कामकाज ठप्प पार्दै नगरपालिकाका कर्मचारीहरु धर्ना बसेका थिए।

**सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं,
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं,
- घृणा, बिभेद र हिंसाजन्य व्यवहार त्यागौं,
- पर्व–उत्सवहरु मिलेर मनाऔं,
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद र सहकार्यबाट बिवाद समाधान गरौं,
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं ।

विविधतामा एकता भन्ने भावना विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सुकुमवासीको समस्या तत्काल समाधान गर्न आग्रह

काठमाडौँ, ८ जेठ (रासस) ।

सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति र सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको संयुक्त बैठकमा सांसदहरूले सुकुमवासी समुदायको समस्या तत्काल समाधान गर्न सरकारलाई सक्रिय हुन आग्रह गर्नुभएको छ । उहाँहरूले योजनाविहीन व्यवस्थापन र बस्ती हटाउने कार्यले सुकुमबासी थप समस्यामा परेका बताउनुभयो ।

बैठकमा सांसद श्रीकृष्णप्रसाद अधिकारीले सुकुमवासीको उचित व्यवस्थापन हुन नसक्दा उनीहरू मानसिक तनावमा रहेको उल्लेख गर्दै संविधानले सुनिश्चित गरेको आवासको अधिकारसमेत प्रभावित भएको बताउनुभयो । उहाँले सुकुमवासीले न पर्याप्त रोजगारी पाएको, न स्वास्थ्य सेवाको सहज पहुँच पाएको जिकिर गर्दै लालपुर्जाको अभावले उनीहरूको अवस्था थप जटिल बनेको बताउनुभयो ।

सांसद उदयबहादुर बोहोराले वास्तविक सुकुमवासी नै बढी समस्यामा परेका उल्लेख गर्दै तयारीविना डोजर प्रयोग गरेर बस्ती हटाउँदा समस्या थपिएको बताउनुभयो । सांसद नरबहादुर विष्टले सुकुमवासी समस्या समाधानका लागि सरकारले यथाशीघ्र आवश्यक कदम चाल्नुपर्ने भन्दै सरकारलाई निर्देशन दिन आवश्यक रहेको बताउनुभयो ।

सांसद विष्णुकुमारी सापकोटाले उचित तयारीविना सुकुमवासी बस्ती खाली गराउँदा नागरिक समस्यामा परेका उल्लेख गर्दै यस विषयमा सरकारलाई बोलाएर समितिमा गम्भीर छलफल गर्न आग्रह गर्नुभयो । सांसद रोश्नी मेचेले सुकुमवासी व्यवस्थापनका लागि स्पष्ट कार्ययोजना आवश्यक रहेको उल्लेख गर्दै मानव अधिकारको संरक्षणमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

सांसद चन्द्रबहादुर केसीले छलफलमा उठेका विषयलाई गम्भीर रूपमा लिएर कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिनुभयो । सांसद रञ्जित कर्णले सुकुमवासी समस्या समयमै समाधान हुन नसके बालबालिकाको शिक्षा प्रभावित हुने बताउनुभयो । उहाँले सुकुमवासी बस्तीका बालबालिका विद्यालय जानबाट वञ्चित हुन सक्ने अवस्था सिर्जना हुन सक्ने भन्दै यस विषयमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिनुभयो ।

सांसद मदनकुमारी शाह (गरिमा)ले सुकुमवासी समस्या समाधानका नाममा नागरिकका १६ मौलिक हक प्रभावित भएका भन्दै यसतर्फ सरकारको ध्यानआकर्षण गराउनुभयो । सांसद नारायणदत्त मिश्रले बाढीका कारण सुकुमवासी बस्तीका नागरिक हरेक वर्ष जोखिममा पर्ने गरेका उल्लेख गर्दै राज्यले समयमै प्रभावकारी काम गर्न नसकेको टिप्पणी गर्नुभयो ।

सांसद पदमबहादुर परियारले सुकुमवासी बस्तीमा रहेका अपाङ्गता भएका र अशक्त व्यक्ति अझ बढी प्रभावित भएका भन्दै उनीहरूको आवश्यकतालाई प्राथमिकतामा राखेर व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो । बैठकमा सांसदहरूले सुकुमवासी समस्या केवल आवाससँग मात्र सम्बन्धित विषय नभई मानव अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षासँग जोडिएको विषय भएकाले राज्यले समाधान खोज्नुपर्नेमा जोड दिनुभयो ।


डा. भगवती यादव

**Dr. Bhagwati Yadav**

MBBS, MD Paediatrics (USC)

NMC Reg. No. : 11389

नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# मलमासमा जाग्ने गेरुका धामको महिमा

**नीरञ्जनकुमार साह**

धनुषा, ८ जेठ (रासस) ।

मधेस प्रदेशको धार्मिक तथा सांस्कृतिक जीवनमा विशेष महत्व राख्ने गेरुका धाम अहिले फेरि श्रद्धा, भक्ति र आस्थाले भरिन थालेको छ । प्रत्येक तीन वर्षमा एकपटक पर्ने मलमास अर्थात पुरुषोत्तम माससँगै लाग्ने एकमहिने गेरुका स्नान मेला आइतबारदेखि सुरु भएसँगै महोत्तरीको लोहारपट्टी नगरपालिका-४ स्थित खुट्टा पिपरारी क्षेत्र भक्तजनको आगमनले गुञ्जायमान बनेको छ ।

धनुषा र महोत्तरी जिल्लाको सीमामा अवस्थित यस ऐतिहासिक तथा धार्मिकस्थलमा बिहानैदेखि हजारौँ श्रद्धालु भक्तजन पवित्र स्नान, पूजा-आराधना र दर्शनका लागि पुग्न थालेका छन् । रामायणकालीन इतिहास बोकेको मानिने गेरुका धाम मिथिला क्षेत्रको प्राचीन धार्मिक परम्परासँग गाँसिएको स्थल हो । धार्मिक ग्रन्थ तथा स्थानीय जनविश्वासअनुसार माता सीताले समेत यहाँ स्नान गर्ने गरेको उल्लेख पाइन्छ । यही कारण गेरुका नदीलाई मिथिलावासीले अत्यन्त पवित्र नदीका रूपमा मान्दै आएका छन् । विशेषगरी पुरुषोत्तम मासमा यस नदीमा स्नान गरे जानी-नजानी गरिएका पापबाट मुक्ति मिल्ने, मनोकामना पूरा हुने तथा अक्षय पुण्य प्राप्त हुने विश्वास रहिआएको छ ।

मेलाको शुभारम्भका अवसरमा आइतबार बिहान जनकपुरधामस्थित जानकी मन्दिरको अगुवाइमा भगवान् राम र माता सीताको स्वरुपलाई गेरुका नदीमा लगेर विशेष पूजा गरिएको थियो । वैदिक मन्त्र, शङ्खध्वनि र भजनकीर्तनबीच गरिएको धार्मिक अनुष्ठानले सम्पूर्ण क्षेत्र भक्तिमय बनेको थियो । श्रद्धालु भक्तजनले नदीमा स्नान गरी भगवान् पुरुषोत्तमको पूजा-आराधना गरेका थिए ।

स्थानीयवासी तपेश्वर यादवका अनुसार गेरुका धाममा मेला लाग्ने परम्परा सयौँ वर्ष पुरानो हो । कन्तावाँ नदी र उत्तरवाहिनी नदीको संगमस्थलमा रहेको यस धाममा प्राचीनकालदेखि नै गेरुका महाकुम्भ मेला लाग्दै आएको जनविश्वास छ । मिथिला क्षेत्रका विभिन्न धार्मिक ग्रन्थ, लोककथा र जनश्रुतिमा समेत गेरुका धामको चर्चा पाइन्छ ।

मधेश प्रदेशका आठवटै जिल्लासहित छिमेकी भारतीय राज्य बिहारबाट समेत प्रत्येक दिन हजारौँ भक्तजन यहाँ पुग्ने गरेका छन् । मेला अवधिभर लाखौँ भक्तजनले स्नान गर्ने अनुमान गरिएको छ । विशेषगरी आइतबार र मङ्गलबारलाई शुभ दिन मानिने भएकाले ती दिन अत्यधिक भीड लाग्ने गरेको स्थानीयवासी राघनी यादवले बताउँछन् ।

स्थानीय पिपरारी निवासी ७० वर्षीय भिखारी मण्डलका अनुसार गेरुका स्नानप्रतिको जनआस्था अत्यन्त गहिरो छ । "यस स्थानको महत्व यति धेरै छ कि कुनै ठूलो प्रचार-प्रसार नगर्दासमेत लाखौँ श्रद्धालु यहाँ आउने गर्छ," उहाँले भन्नुभयो, "मानिसहरू पुस्तौँदेखि परम्परागत रूपमा यहाँ आइरहेको छ । गेरुका स्नान गरे पुण्य प्राप्त हुन्छ भन्ने विश्वासले मानिसलाई तानेर ल्याउँछ ।"

अर्का एक वृद्धले भन्नुभयो, "सरकारले व्यवस्थित ढङ्गले प्रचार-प्रसार, संरक्षण र पूर्वाधार विकास गर्न सके गेरुका धामलाई अन्तर्राष्ट्रिय धार्मिक पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सकिन्छ । "भारतको कुम्भमेलाजस्तै ठूलो धार्मिक गन्तव्य बन्ने सम्भावना रहेकाले राज्यले दीर्घकालीन योजना बनाएर काम गर्नुपर्छ ।"

वास्तवमा गेरुका धाम धार्मिक आस्थाको केन्द्र मात्र नभई मिथिला सभ्यता र सांस्कृतिक पहिचानको जीवित प्रतीक पनि हो । मिथिलाञ्चलको सांस्कृतिक जीवन नदी, पोखरी, मठ-मन्दिर र धार्मिक मेलासँग गहिरोसँग जोडिएको छ । गेरुका मेला पनि त्यही सांस्कृतिक निरन्तरताको महत्वपूर्ण हिस्सा हो । मेलाका बेला यहाँ केवल स्नान र पूजा मात्र हुँदैन, मिथिला संस्कृति, लोकपरम्परा र सामुदायिक जीवन पनि जीवन्त बन्छ । गाउँघरबाट परिवारसहित आएका श्रद्धालु नदी किनारमा भजन-कीर्तन गर्ने, साधुसन्तहरूको प्रवचन सुन्ने तथा सामूहिक पूजा गर्ने दृश्यले सम्पूर्ण क्षेत्रलाई धार्मिक उत्सवमा परिणत गरिदिन्छ ।

धार्मिक मेलाले स्थानीय अर्थतन्त्रलाई समेत ठूलो टेवा पुऱ्याउने गरेको वडाध्यक्ष श्यामप्रसाद यादव बताउनुहुन्छ । मेला अवधिभर अस्थायी बजार सञ्चालन हुने, पूजासामग्री, कपडा, भाँडाकुँडा, मिठाइ तथा स्थानीय परिकारको व्यापार बढ्ने गरेको व्यापारीहरू बताउँछन् । स्थानीय होटल, यातायात व्यवसायी र साना व्यापारीलाई पनि मेलाले राम्रो आम्दानी दिने गरेको छ ।

महोत्तरी र धनुषा जिल्लाका ग्रामीण क्षेत्रका धेरै परिवारका लागि गेरुका मेला अतिरिक्त आम्दानीको अवसरसमेत बन्ने गरेको छ । स्थानीय महिलाहरूले घरमै बनाएका सामग्री बिक्री गर्ने गरेका छन् भने युवाहरू अस्थायी व्यवसाय सञ्चालन गरेर आम्दानी गर्ने गरेका छन् । यति ठूलो धार्मिक महत्व बोकेको गेरुका धाम अझै पनि आवश्यक पूर्वाधार विकासबाट वञ्चित रहेको स्थानीयवासीको गुनासो छ । मेलाका बेला लाखौँ श्रद्धालु आउने गरे पनि व्यवस्थित सडक, पार्किङ, खानेपानी, शौचालय, विश्रामस्थल तथा स्वास्थ्य सेवा पर्याप्त छैन । श्रद्धालु भक्तजनको सुरक्षाका लागि स्थानीय प्रशासनले अस्थायी प्रहरी सहायता कक्ष, स्वास्थ्य शिविर तथा स्वयंसेवक परिचालन गरेको जनाएको छ ।

लोहरपट्टी नगरपालिकाका प्रमुख शैलेन्द्रकुमार यादवका अनुसार गेरुका धामको दीर्घकालीन विकासका लागि योजना तयार पार्ने विषयमा छलफल भइरहेको छ । धार्मिक पर्यटन प्रवर्द्धनमार्फत मधेश प्रदेशको आर्थिक तथा सांस्कृतिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले गेरुका क्षेत्रलाई व्यवस्थित बनाउन आवश्यक रहेको भन्नुभयो।

धार्मिक पर्यटनका दृष्टिले हेर्ने हो भने गेरुका धाम अत्यन्त सम्भावनायुक्त क्षेत्र मानिन्छ । जनकपुरधामस्थित जानकी मन्दिर, धनुषाधाम, जलेश्वरनाथ महादेव, कङ्कालिनी मन्दिरलगायत मधेशका प्रमुख धार्मिक स्थलसँग यसलाई जोडेर धार्मिक पर्यटन परिपथ निर्माण गर्न सकिने नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष डा. सोहन साहको सुझाव छ ।

मिथिला संस्कृतिका अध्येताहरूका अनुसार गेरुका धाम केवल धार्मिक स्थल मात्र होइन, मिथिलाको ऐतिहासिक स्मृति र सांस्कृतिक निरन्तरताको प्रतीक हो । यहाँ लाग्ने मेला सामूहिक आस्था, सामाजिक एकता र सांस्कृतिक पहिचानको अभिव्यक्ति पनि हो । धर्म, संस्कृति र परम्पराले समाजलाई जोड्ने काम गर्छ । गेरुका मेला पनि त्यही सामाजिक एकताको सशक्त माध्यम बनेको छ । विभिन्न जिल्ला तथा समुदायका मानिसहरू एउटै आस्था बोकेर यहाँ भेला हुने गरेका विज्ञहरूको तर्क छ । यसले सामाजिक सद्भाव र सांस्कृतिक सहअस्तित्वलाई बलियो बनाउने काम गरेको स्थानीय बुद्धिजीवीहरू बताउँछ ।

मिथिलामा पुरुषोत्तम मासलाई विशेष धार्मिक महत्वका साथ मनाउने परम्परा छ । हिन्दू धर्मग्रन्थअनुसार अतिरिक्त महिना अर्थात मलमासलाई भगवान् विष्णुको पुरुषोत्तम स्वरुपसँग जोडेर हेर्ने गरिन्छ । यस अवधिमा स्नान, दान, पूजा र धार्मिक अनुष्ठान गरे विशेष पुण्य प्राप्त हुने विश्वास छ । यही कारण पुरुषोत्तम मास सुरु भएसँगै मिथिला क्षेत्रमा धार्मिक गतिविधि बढ्ने गरेका जानकार डा. भोगेन्द्र झाको भनाइ छ ।

गेरुका धाममा स्नान गर्न आउने धेरै श्रद्धालु भक्तजन आफूले मनोकामना पूरा भएको अनुभव सुनाउने गर्छ । कतिपय भक्तजन हरेक पुरुषोत्तम मासमा यहाँ आउने परम्परा निभाउँदै आएका छन् । वृद्धवृद्धादेखि युवायुवती र बालबालिकासम्मको सहभागिताले मेलालाई अझ जीवन्त बनाएको छ । गेरुका नदीको प्राकृतिक सौन्दर्य पनि आकर्षणको केन्द्र बनेको छ । हरियाली वातावरण, नदीको शान्त बहाव र धार्मिक वातावरणले यहाँ आउनेलाई आध्यात्मिक अनुभूति दिलाउने गरेको श्रद्धालुहरूको भनाइ छ ।

स्थानीयवासीहरूका अनुसार गेरुका धामको महत्व बढ्दै गए पनि यसको ऐतिहासिक तथा पुरातात्विक अध्ययन भने पर्याप्त हुन सकेको छैन । प्राचीन मिथिला सभ्यतासँग यसको सम्बन्धबारे विस्तृत अनुसन्धान आवश्यक रहेको उनीहरूको भनाइ छ । विशेषज्ञहरूका अनुसार धार्मिक आस्थासँग जोडिएका यस्ता स्थलको संरक्षण केवल धार्मिक दृष्टिले मात्र होइन, सांस्कृतिक सम्पदाको संरक्षणका हिसाबले पनि महत्वपूर्ण हुन्छ । उचित संरक्षण र प्रवर्द्धन गर्न सके गेरुका धाम मधेश प्रदेशकै पहिचानका रूपमा स्थापित हुन सक्ने सम्भावना देखिन्छ ।

आधुनिकता र प्रविधिको विस्तारसँगै मानिसको जीवनशैली परिवर्तन हुँदै गए पनि परम्परागत धार्मिक विश्वास र सांस्कृतिक सम्बन्ध भने अझै मजबुत रहेको यहाँको दृश्यले देखाउँछ । एक महिनासम्म सञ्चालन हुने गेरुका स्नान मेलाले धार्मिक वातावरणलाई मात्र होइन, सम्पूर्ण क्षेत्रको सामाजिक तथा आर्थिक गतिविधिलाई पनि चलायमान बनाउने अपेक्षा गरिएको छ । धार्मिक आस्था, मिथिला सभ्यता, सांस्कृतिक विरासत र जनविश्वासको अनुपम संगमका रूपमा रहेको गेरुका धाम अहिले फेरि लाखौँ श्रद्धालु भक्तजनको केन्द्र बनेको छ ।

# निर्माण व्यवसायीका समस्या समाधान गर्न समितिको निर्देशन

काठमाडौँ, ८ जेठ (रासस) ।

प्रतिनिधिसभाअन्तर्गतको पूर्वाधार विकास समितिले निर्माण व्यवसायीका समस्या समाधान गर्न सरकारलाई निर्देशन दिएको छ । समितिको शुक्रबार बसेको बैठकमा सभापति आशिष गजुरेलले निर्माण व्यवसायीलाई समयमा भुक्तानी उपलब्ध गराउन सरकारलाई आग्रह गर्नुभयो ।

सभापति गजुरेलले भन्नुभयो, "समस्या ल्याउनुस्, हामी समस्याको पोको फुकाउँछौँ । निर्माणका काम रोकिँदा देशको विकास प्रक्रियामा असर पर्ने भएकाले विद्यमान समस्या समाधान गर्दै मुलुक निर्माणमा सहकार्य र समन्वय गरौँ ।"

बैठकमा सांसद डा मो फिरदोश आलमले निर्माण व्यवसायीलाई समयमा भुक्तानी दिनुपर्नेमा जोड दिनुभयो । सांसद बेधनारायण श्रेष्ठले स्वदेशी कच्चा पदार्थ उत्पादनमा लगानी बढाउनुपर्ने उल्लेख गर्दै समयमा ठेक्का सम्पन्न गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले समयमा काम नसक्दा राज्यले महँगीको क्षतिपूर्ति व्यहोर्नुपर्ने अवस्था आएको बताउनुभयो ।

सांसद जयपति रोकायले निर्माण व्यवसायीलाई काम गर्ने वातावरण सिर्जना गर्न सरकार गम्भीर हुनुपर्ने बताउनुभयो । उहाँले चीन सरकारले हिल्सा क्षेत्रमा सीमा जोड्ने पुल निर्माण गरिसकेको भए पनि नेपाल सरकारले हालसम्म हस्तान्तरण प्रक्रिया अघि नबढाएको गुनासो गर्नुभयो । हिल्सा-सिमिकोट सडक निर्माणका विषयमा पनि चीन सरकारले चासो देखाएको उल्लेख गर्दै सरकारले आवश्यक समन्वय गर्नुपर्ने उहाँको भनाइ छ ।

सांसद सुनिल केसीले समयमा सडक निर्माण सम्पन्न नहुँदा दुर्घटना बढिरहेको बताउँदै निर्माण व्यवसायीले जिम्मेवार भएर काम गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले सरकारबाट प्रभावकारी अनुगमन र उपलब्ध स्रोत, साधनको सही सदुपयोग हुनुपर्ने बताउनुभयो ।

सांसद राजु पाण्डेले व्यवसायीमैत्री वातावरण निर्माण गर्नुपर्नेमा जोड दिँदै निर्माण व्यवसायीले गुणस्तरीय काम गर्नुपर्ने बताउनुभयो । सांसद निसा डाँगीले समयमा विकास आयोजना सम्पन्न हुन नसकेको उल्लेख गर्दै निर्माण व्यवसायीलाई काम गर्ने सहज वातावरण बनाउन नीतिगत सुधार आवश्यक रहेकामा जोड दिनुभयो ।

बैठकमा पूर्वाधार विकास मन्त्रालयका सचिव गोपाल सिग्देलले डिजेलको मूल्यवृद्धिसँगै निर्माण सामग्री महँगिएका जनाउँदै हालको असहज अवस्थालाई सहज बनाउन मन्त्रालय तयार रहेको

*बाँकी तीन पृष्ठमा*

# असामान्य वर्षा: प्रि-मनसुनको झरी, सम्भावित सुपर एल निनो र सुख्खा मनसुनको चुनौती

**डा विनोद पोखरेल र डा सुरेश मरहट्टा**

काठमाडौँ, ८ जेठ (रासस)।

यस वर्ष नेपालको मौसमी अवस्था सामान्यभन्दा निकै फरक देखिएको छ। सामान्यतया मार्चदेखि मेसम्मको (फागुन १६ देखि जेठ १५ सम्म) अवधि प्रि-मनसुन मानिन्छ, जुन समयमा सामान्यतया गड्याङगुडुङ गर्दै छोटो समयको वर्षा, हावाहुरी र केही दिनको अस्थिर मौसम देखिन्छ। तर, यस वर्ष भने मार्चको सुरुदेखि नै लगभग दैनिकजसो वर्षा भइरहेको छ र त्यो क्रम अझै पनि जारी छ। देशका धेरै भागहरूमा लगातार बादल लाग्ने, मध्यमदेखि भारी वर्षा हुने, चट्याङ तथा असिना पर्ने घटनाहरू बारम्बार धेरै ठाउँमा देखिएका छन्। दुई महिनादेखि भइराखेको वर्षाको प्रमुख मौसमी प्रणाली सक्रिय पश्चिमी वायु नै हो।

सामान्यतया जाडो याममा बढी प्रभावकारी हुने पश्चिमी वायु यस वर्ष प्रि-मनसुन अवधिमा पनि अत्यन्त सक्रिय देखिएको छ। यसले नेपालभरि लामो समयसम्म लगातार वर्षा गराई राखेको छ।

देशका विभिन्न मौसम केन्द्रहरूले पछिल्ला दुई महिनामा उल्लेखनीय वर्षा रेकर्ड गरेका छन्। केही वर्षदेखि हिउँदे (१५ मङ्सिर देखि १५ फागुनसम्म) वर्षामा उल्लेखनीय कमि आएको देखिन्छ तर चैत वैशाखमा वर्षाको मात्रा राम्रैसँग बढेको पनि छ। जल तथा मौसम विज्ञान विभागको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा रहेको वर्षा मापक केन्द्रको आँकडा हेर्दा यो वर्ष २०२६ को चार महिना जनवरी, फरवरी, मार्च र अप्रिलको वर्षा अस्वभाविक होइन।

सन् १९९१ देखि २०२० (३० वर्ष)सम्म को यी चार महिनाको औसत कूल वर्षा हेर्दा १२६ मि मि रहेकामा यो वर्षा २०२६ मा यो चार महिनाको अवधिमा जम्मा १२० मि मि वर्षा रेकर्ड गरिएको छ। यसैगरी विगत ३० वर्षामा औसत २० दिन वर्षा हुने गरेकामा यो वर्ष २० दिन नै वर्षा रेकर्ड गरिएको छ। विगत १० वर्ष जस्तै सन् २०१७, २०१९, २०२० र २०२२, मा औसतभन्दा बढी वर्षा भएको छ। यसमा सन् २०१९ मा २२५ मि मि (४० दिन) र सन् २०१६, २०१८, २०२१, २०२३, २०२४ र २०२५ मा औसतभन्दा कम वर्षा भएको छ। त्यसमध्ये पनि सन् २०१६, २०२२ र २०२४ मा ५० मि मि भन्दा कम वर्षा भएको थियो। यसैगरी २०२४ मा जम्मा आठ दिन मात्र वर्षा भएको थियो।

मध्यम अवधिको मौसम पूर्वानुमानले आगामी दुई हप्तासम्म पनि वर्षा प्रणाली सक्रिय रहने सङ्केत दिएको छ। अर्थात् जेठ महिनाको अन्त्यसम्म धेरै स्थानहरूमा वर्षा जारी रहने सम्भावना देखिन्छ। यद्यपि, त्यसपछि भने मौसमको ढाँचा अचानक परिवर्तन हुने सङ्केतहरू देखिन थालेका छन्। जुन महिनादेखि क्रमशः सुख्खा अवस्था विकसित हुनसक्ने अनुमान गरिएको छ, जुन आगामी मनसुनका लागि चिन्ताजनक सङ्केत हुन सक्छ।

यस वर्षको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको प्रशान्त महासागरमा विकसित हुँदै गएको सम्भावित 'सुपर एल निनो' अवस्था हो। एल निनो एक जलवायु प्रणाली हो, जसमा मध्य तथा पूर्वी प्रशान्त महासागरको तापक्रम सामान्य भन्दा धेरै हुन्छ। जब एल निनो अत्यधिक बलियो हुन्छ अर्थात् मध्य तथा पूर्वी प्रशान्त महासागरको तापक्रम औसतभन्दा दुई डिग्री वा त्योभन्दा बढी हुन्छ, त्यसलाई 'सुपर एल निनो' भनिन्छ। अनुसन्धानले देखाएको छ कि बलियो एल निनोका वर्षहरूमा दक्षिण एसियाली मनसुन प्रायः कमजोर हुने गर्छ र नेपालमा पनि सुपर एल निनोको भएका पछिल्ला वर्षहरुमा औसतभन्दा धेरै कम वर्षा भएको तथ्याङ्क देखिन्छ।

आगामी छ महिना (सम्भावना त्योभन्दा बढी पनि) सम्मको संसारभरको मौसम यही एल निनोले प्रभाव पर्ने देखिन्छ। त्यसैको कारणले तापक्रम बढ्ने, कुनै ठाउँमा सुख्खा त कुनै ठाउँमा भीषण वर्षा हुने र कृषि उत्पादनलाई सबैभन्दा धेरै प्रभाव पार्ने देखिन्छ। सबैभन्दा धेरै असर यो मनसुनमा एसियामा सुख्खा हुने हुँदा धान उत्पादन घट्ने सम्भावना छ।

नेपालका लागि मनसुन केवल मौसमीय घटना मात्र होइन, अर्थतन्त्रको आधार पनि हो। नेपालको कृषि प्रणाली वर्षामा अत्यधिक निर्भर छ। धान, मकैलगायतका प्रमुख बालीहरू समयमै पर्ने मनसुन वर्षामा आधारित हुन्छन्। यदि यस वर्ष मनसुन कमजोर भयो भने धान रोपाईंमा ढिलाइ, उत्पादनमा गिरावट, तथा खाद्य सुरक्षामा चुनौती आउन सक्छ। यो वर्ष देखिएको ढाँचाले वर्षाको समयगत स्थानान्तरण भएको सङ्केत दिन्छ। पूर्व-मनसुन अवधिमा अत्यधिक वर्षा भइरहेको छ भने मुख्य मनसुन समयमा कम वर्षा हुनसक्ने सम्भावना बढ्दो छ।

प्रि-मनसुनको वर्षाले तत्कालका लागि माटोमा आर्द्रता बढाउने र केही बालीलाई फाइदा पुर्‍याउने भए पनि, दीर्घकालीन रूपमा मनसुनकै वर्षा कृषि उत्पादनका लागि निर्णायक हुन्छ। विशेष गरी असार-साउनमा पर्याप्त पानी नपरे धानखेतीमा ठूलो असर पर्न सक्छ। यसको असर कृषि क्षेत्रमा मात्र सीमित रहने छैन। नेपालको समग्र अर्थतन्त्रमा कृषि क्षेत्रको ठूलो योगदान भएकाले उत्पादन घट्दा खाद्यान्नको मूल्य वृद्धि हुन सक्छ। आयात निर्भरता बढ्न सक्छ र व्यापार घाटा थप गहिरिन सक्छ। ग्रामीण क्षेत्रमा रोजगारी र आम्दानीमा पनि प्रत्यक्ष असर पर्नेछ।

यसको प्रभावका कारण जलविद्युत् क्षेत्रमा पनि चुनौती थपिन सक्छ। नेपालका अधिकांश जलविद्युत् आयोजना नदीको बहावमा आधारित छन्। यदि मनसुन कमजोर भयो भने नदीमा पानीको मात्रा घट्न सक्छ, जसले विद्युत् उत्पादनमा कमी ल्याउन सक्छ। ऊर्जा सङ्कटको सम्भावना बढ्नुका साथै औद्योगिक उत्पादन र दैनिक जीवनमा समेत असर पर्न सक्छ। पर्यटन क्षेत्रमा पनि दोहोरो प्रभाव देखिन सक्छ। पूर्व-मनसुनमा लगातार वर्षाले ट्रेकिङ, हिमाल आरोहण र आन्तरिक पर्यटनमा बाधा पुर्‍याउन सक्छ। त्यसपछि यदि लामो सुख्खा अवस्था विकसित भयो भने हिमाली तथा प्राकृतिक जलस्रोतहरूको सौन्दर्य र आकर्षणमा असर पर्न सक्छ।

यस परिस्थितिमा सरकार र सम्बन्धित निकायहरूले समयमै रणनीतिक तयारी गर्नु अत्यावश्यक देखिन्छ। कृषि क्षेत्रमा सिँचाइ व्यवस्थाको विस्तार, कम पानी चाहिने बालीहरूको प्रवर्द्धन तथा मौसमअनुकूल खेती प्रणाली अपनाउनुपर्ने आवश्यकता छ। किसानहरूलाई समयमै सिजनल पूर्वानुमान र मौसम सूचना उपलब्ध गराउनु अत्यन्त महत्वपूर्ण हुन्छ।

त्यसैगरी, जलस्रोत व्यवस्थापनलाई दीर्घकालीन रूपमा पुनः सोच्नुपर्ने आवश्यकता देखिएको छ। जलाशय निर्माण, वर्षा पानी सङ्कलन, तथा बहुउद्देश्यीय सिँचाइ योजनाहरूमा लगानी बढाउनुपर्ने अवस्था आएको छ। यो अवस्था जलवायु परिवर्तनसँग पनि जोडिएको हुनसक्छ। पछिल्ला वर्षहरूमा नेपालमा मौसमीय चरम घटनाहरू अत्यधिक वर्षा, लामो खडेरी, असिनापानी, गर्मीको लहर बढ्दै गएका छन्। यस वर्षको असामान्य प्रि-मनसुनको वर्षा र सम्भावित सुख्खा मनसुन भविष्यमा अझ जटिल जलवायु चुनौतीहरूको सङ्केत हुन सक्छ।

अहिले देखिएको लगातार वर्षा तत्कालका लागि राहतजस्तो देखिए पनि, त्यसले आगामी कमजोर मनसुनको सङ्केत दिन सक्छ। यदि सम्भावित सुपर एल निनोका कारण मनसुन कमजोर भयो भने त्यसको असर कृषि, ऊर्जा, पर्यटनदेखि समग्र राष्ट्रिय अर्थतन्त्रसम्म फैलिन सक्छ। त्यसैले अहिलेको मौसमीय अवस्थालाई सामान्य घटनाका रूपमा नलिएर, वैज्ञानिक विश्लेषण र दीर्घकालीन तयारीका साथ अघि बढ्नु समयको आवश्यकता हो। यति हुँदाहुँदै पनि नेपालमा एल निनोको समयमा पनि मनसुनमा वर्षा राम्रै हुने थोरै सम्भावना भने बाँकी रहन्छ किनकी नेपालमा मनसुनको अवस्था भारतको भन्दा फरक देखिन्छ। त्यसैले एउटा सकारात्मक सोच राख्ने ठाउँ भने बाँकी नै राखेर पूर्वानुमान गरिएको मौसमी प्रणाली भन्दा धेरै वर्षा हुने आशा गरौँ। (लेखकद्वय जल तथा मौसम विज्ञान केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयमा कार्यरत हुनुहुन्छ)

### *निर्माण व्यवसायीका...*

बताउनुभयो।

बैठकमा नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष निकोलश पाण्डेले अत्यधिक तथा अप्रत्याशित मूल्यवृद्धिका कारण निर्माण क्षेत्र सङ्कटमा परेको बताउनुभयो। उहाँले सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार मूल्य समायोजनको व्यवस्था कार्यान्वयन गर्न सरकारसँग माग गर्नुभयो।

अध्यक्ष पाण्डेले निर्माण सामग्रीको मूल्य साविकको भन्दा १० प्रतिशतभन्दा बढी घटबढ हुँदा मूल्य समायोजनको कानुनी व्यवस्था भए पनि व्यवहारमा कार्यान्वयन हुन नसकेको गुनासो गर्नुभयो। जेनजी आन्दोलन, निर्वाचन र मध्यपूर्व युद्धका कारण इन्धन तथा निर्माण सामग्रीको मूल्य निरन्तर बढेकाले निर्माण आयोजनाको लागत वृद्धि भएको उल्लेख गर्दै उहाँले आवश्यकताअनुसार म्याद थपको व्यवस्था गर्नुपर्ने माग गर्नुभयो।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण व्यवस्था मन्त्रालय
भूमी व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय, सप्तरी
राजविराज
भूमिसुधार शाखा

**मिति : २०८३/०२/८**

उपरोक्त सम्बन्धमा वादी उपेन्द्र प्रसाद यादव र प्रतिवादी जिल्ला सप्तरी गा.वि.स. मलेठ वडा नं. २ बस्ने राम प्रसाद साह संगको मि.नं. १८२७ को मोही बाँडफाँड मुद्धामा यस कार्यालयको २०८२/१२/२६ गतेको आदेशानुसार विशेष अदालत ऐन २०५९ को दफा १०(९) बमोजिम ३०(तिस) दिने म्याद सरहको सार्वजनिक सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० दिन भित्र आफ्नो सबुत प्रमाण सहित लिखित प्रतिउत्तर तथा जवाफ लिई यस कार्यालयमा अड्डा खुल्ने समयमा हाजिर हुन आफै वा कानुन बमोजिम वारिस वा कानुन व्यवसायी पठाउनु होला। ऐन बमोजिम पुर्पक्ष हुने छ। अन्यथा कानुन बमोजिम तपसिलको जग्गामा माग दाबी बमोजिम भई जाने छ। म्याद गुजारी बसे पछि यस विषयमा तपाईको कुनै किसिमको उजुर बाजुर लाग्ने छैन।

**तपसिल**

| क.सं. | ज.ध. | मोही | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | राम प्रसाद साह | उपेन्द्र प्रसाद यादव | मलेठ | ७(क) | ११७६ | ०-१४-६ | |

## विश्व समाचार

### गर्मीले भारतमा बिजुली खपतको कीर्तिमान

नयाँदिल्ली, ८ जेठ (रासस/एएफपी)।

भारतमा बढ्दो गर्मीका कारण शीतलन उपकरणको प्रयोग तीव्र रूपमा बढेपछि देशको बिजुली मागले लगातार नयाँ कीर्तिमान बनाएको छ। भीषण गर्मीबीच ऊर्जा उत्पादकहरूले रेकर्ड स्तरमा विद्युत् उत्पादन गर्दै देशको अहिलेसम्मकै उच्च माग पूरा गरेका छन्।

भारतको ऊर्जा मन्त्रालयका अनुसार बिहीबार लगातार चौथो दिन देशको चरम बिजुली मागले नयाँ सर्वकालिक उच्च रेकर्ड कायम गरेको हो। मन्त्रालयले जारी गरेको विज्ञप्तिअनुसार बिहीबार दिउँसो ३:४५ बजे भारतको चरम बिजुली माग २७०.८२ गिगावाट पुगेको थियो, जुन सफलतापूर्वक आपूर्ति गरिएको बताइएको छ।

उक्त समयमा राजधानी नयाँदिल्लीको तापक्रम ४५.३ डिग्री सेल्सियस पुगेको थियो। मन्त्रालयले यो स्तरलाई भारतको इतिहासकै सबैभन्दा उच्च चरम बिजुली मागको रूपमा वर्णन गरेको छ। यसअघि बुधवार २६५.४४ गिगावाटको रेकर्ड कायम भएको थियो, जसलाई एक दिनमै उछिन्दै नयाँ कीर्तिमान बनेको हो।

ऊर्जा मन्त्रालयले बढ्दो तापक्रमका कारण एयर कन्डिसनर, कुलर तथा अन्य शीतलन उपकरणहरूको प्रयोग अत्यधिक बढेकाले बिजुलीको माग अस्वाभाविक रूपमा चुलिएको जनाएको छ। मन्त्रालयले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको विवरणमा माग वृद्धिको मुख्य कारण यही भएको उल्लेख गरिएको छ।

भारतको कुल विद्युत् उत्पादनमा अझै पनि थर्मल पावर, विशेषगरी कोइलामा आधारित उत्पादनको प्रभुत्व रहेको छ। हाल देशको कुल बिजुली उत्पादनमध्ये ६२ प्रतिशत हिस्सा कोइलाजन्य थर्मल पावरबाट प्राप्त भइरहेको मन्त्रालयले जनाएको छ। सौर्य ऊर्जाबाट २२ प्रतिशत, हावा र जलविद्युत्बाट पाँच प्रतिशत तथा बाँकी अन्य स्रोतहरूबाट उत्पादन भइरहेको छ।

विश्वकै तेस्रो ठूलो हरितगृह ग्यास उत्सर्जक भारतले सन् २०७० सम्म 'शुद्ध-शून्य उत्सर्जन' हासिल गर्ने प्रतिबद्धता जनाएको भए पनि ऊर्जा सुरक्षाका लागि अझै कोइलामाथि ठूलो निर्भरता कायम रहेको देखिएको छ।

रेकर्ड स्तरमा बिजुली उत्पादन भइरहेको सरकारी दाबीबीच सामाजिक सञ्जाल एक्समा धेरै प्रयोगकर्ताले भने आफ्ना क्षेत्रमा अझै पनि विद्युत् कटौती भइरहेको गुनासो गरेका छन्। अत्यधिक गर्मीका कारण पुराना विद्युत् तार र ट्रान्सफर्मरहरूमा अत्यधिक चाप परेर स्थानीय स्तरमा ब्ल्याकआउट हुने जोखिम बढिरहेको बताइएको छ।

दक्षिण एसियाको एक अर्ब ४० करोड जनसङ्ख्या भएको भारतमा अप्रिलदेखि जुनसम्म तीव्र गर्मी सामान्य मानिए पनि पछिल्ला वर्षहरूमा तापक्रमको तीव्रता र अवधि दुवै बढ्दै गएको छ। वैज्ञानिक अनुसन्धानहरूले जलवायु परिवर्तनका कारण तातो हावाका लहरहरू अझ लामो, बारम्बार र खतरनाक बन्दै गएको निष्कर्ष निकालेका छन्।

भारतको मौसम विभागका अनुसार बिहीबार उत्तर प्रदेश राज्यको बान्दा सहरमा अधिकतम तापक्रम ४७.६ डिग्री सेल्सियस मापन गरिएको थियो। यो हप्ताको सुरुआतमा त्यही क्षेत्रमा पुगेको ४८.२ डिग्री सेल्सियसभन्दा केही कम भए पनि अवस्था अझै अत्यन्त गर्मीपूर्ण रहेको विभागले जनाएको छ।

भारतमा हालसम्म आधिकारिक रूपमा मापन गरिएको सबैभन्दा उच्च तापक्रम राजस्थानको फलोदीमा सन् २०१६ मा रेकर्ड गरिएको ५१ डिग्री सेल्सियस हो।

यसैबीच, अन्तर्राष्ट्रिय वायु गुणस्तर अनुगमन प्लेटफर्म 'एक्युआई' ले अप्रिलमा सार्वजनिक गरेको प्रतिवेदनमा विश्वका सबैभन्दा तातो ५० सहरमध्ये सबै भारतमै रहेको उल्लेख गरेको थियो। तापक्रम, सौर्य विकिरण, हावाको अवस्था, वर्षा र आर्द्रतासहितका विभिन्न सूचकलाई आधार बनाएर तयार गरिएको दैनिक 'गर्मी सूचकाङ्क' मा भारतीय सहरहरू अत्यधिक तापको चपेटामा परेको देखाइएको थियो।

### पाकिस्तानमा जारी सुरक्षा कारबाहीमा २३ जनाको मृत्यु

इस्लामाबाद, ८ जेठ (रासस/सिन्ह्वा)।

पाकिस्तानी सुरक्षा बलले उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तको विभिन्न क्षेत्रमा गुप्तचर आधारमा गरेको सुरक्षा कारबाहीमा २३ जना आतंककारीलाई मारेको सेनाले जनाएको छ।

पाकिस्तानी सेनाको मिडिया शाखा इन्टर सर्भिस पब्लिक रिलेसन्स (आइएसपीआर) ले आतङ्कवाद विरोधी अभियानको रूपमा प्रान्तको उत्तरी वजीरिस्तान र बन्नु जिल्लामा अपरेसन गरि रहेका बताएको छ।

प्रान्तमा विभिन्न आतङ्कवादी गतिविधिहरूमा सक्रिय रूपमा संलग्न रहेका कारण मारिएका आतङ्कवादीहरूबाट हतियार, गोलाबारुद र ठूलो मात्रामा विस्फोटक उपकरणहरू पनि बरामद गरिएको जनाएको छ।

अभियानको क्रममा आइएसपीआरले आतङ्कारीहरूले प्रयोग गरेको भूमिगत सुरुङ्ग र बङ्करहरू पनि सुरक्षा बलले पत्ता लगाएर नष्ट गरेको बताएको छ। अभियानले यस क्षेत्रका अन्य आतङ्कारीहरूको नष्ट गर्ने प्रक्रिया जारी राखेको छ, सेनाले जनाएको छ।

# सुरुङ्गा नगरपालिका वडा नं. २ बालमैत्री वडा घोषणा



**दैनिक समाचारदाता राजविराज, ८ जेठ ।**
सप्तरीको सुरुङ्गा नगरपालिका वडा नं. २ लाई बालमैत्री स्थानीय शासन वडा घोषणा गरिएको छ। शुक्रबार एक कार्यक्रमबीच उक्त वडालाई बालमैत्री स्थानीय शासन वडा घोषणा गरिएको हो।

"बालमैत्री स्थानीय शासन पद्धति र व्यवहार, समृद्ध सुरूगांको आधार" भन्ने मूल नारासहित आयोजित कार्यक्रममा नगरप्रमुख गिता चौधरीले बाल मैत्री वडा घोषणा पत्र २०८३ वाचन गर्दै बालमैत्री स्थानीय शासन वडा घोषणा गरेकी हुन्।

बालमैत्री स्थानीय शासन वडा समिति सुरुङ्गा नगरपालिकाको आयोजनामा सम्पन्न कार्यक्रममा वडा नं. २ ले सरकारले तोकेका सबै आवश्यक सूचक पूरा गरेपछि वडालाई बालमैत्री वडा घोषणा गरिएको जानकारी वडा कार्यालयले जनाएको छ।

घोषणा कार्यक्रममा उपनगरप्रमुख रूद्र बहादुर कार्की, प्रमुख प्रशासकीय अधिकृत विकास सुन्दास, वडा नं. ४ का वडा अध्यक्ष देवेन्द्र चौधरी, वडा नं. ७ का वडा अध्यक्ष शिवनारायण चौधरी, हिरा चौधरी, फुलकुमारी राम, वडा नं. २ का सदस्य दुर्गा चौधरी, सेभद चिल्ड्रेनका वरिष्ठ परियोजना संयोजक मकर बहादुर सार्की, सबल नेपालका उपाध्यक्ष भुपेश साह, कार्यक्रम संयोजक रोशन मण्डल, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख तथा बाल कल्याण अधिकारी रिंकु कुमारी यादव लगायतको उपस्थिति रहेको थियो।

## तिलाठी कोइलाडी ...

फाउण्डेसनको र मर्सिकोर्प्सको सहयोग तथा गाउँपालिकाको साझेदारीमा नेपालमा पुर्वानुमानमा आधारित पुर्व कार्यको सुदृढिकरण परियोजना अन्तर्गत आसमान नेपालले आयोजना गरेको सूचना संयन्त्र तथा पूर्वानुमान कार्यशाला गोष्ठीमा बाढीको समयमा प्राप्त हुने सूचनालाई समुदाय स्तरसम्म प्रभावकारी रुपमा कसरी पुर्याउने भन्ने विषयमा छलफल गरिएको छ।

पालिकास्तरीय, वडास्तरीय तथा समुदायस्तरीय सूचना संयन्त्र निर्माण, वडा विपद् व्यवस्थापन समितिबाट पालिका विपद् व्यवस्थापन समितिसम्म सूचना प्रवाहलाई व्यवस्थित बनाउने विषयमा सहभागीबीच अन्तरक्रिया गरिएको आसमान नेपालका कार्यक्रम प्रबन्धक अशोक कुमार यादवले जानकारी दिए।

उनले गाउँपालिकामा १३ वटा विपद् व्यवस्थापन समिति रहेको जानकारी दिदै ती समिति मार्फत बाढी तथा अन्य विपद्का समयमा सूचना आदान-प्रदानलाई प्रभावकारी बनाउन कार्यशाला गोष्ठीको आयोजना गरिएको बताए।

यस्तै गोष्ठिमा बाढी आउनु पूर्व सुचना आदान-प्रदान कसरी गर्ने बारे सहभागीहरुलाई प्रशिक्षण दिँदै गाउँपालिकाका विपद व्यवस्थापन अधिकृत राजेश झाले बाढी पूर्व र बाढीका बेला गर्नुपर्ने काम तथा चुनौतीहरुबारे प्रशिक्षण दिए।

विपदका बेला उच्च जोखिममा पर्ने स्थानको पहिचान गरी गर्भवती महिला, अपाङ्ग, जेष्ठ नागरिकलाई उद्दार गर्ने विभिन्न तरीकाबारे छलफल गरिएको छ।

गाउँपालिकाका सबै कार्यपालिका सदस्य, १३ वटै विपद व्यवस्थापन समितिका प्रतिनिधि, शाखा प्रमुखहरु तथा गाउँपालिका भित्र रहेका विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको कार्यशाला गोष्ठीमा सहभागी थिए।

# मधेसका मुख्यमन्त्रीले विश्वासको मत पाए

**दैनिक समाचारदाता राजविराज, ८ जेठ ।**
मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले विश्वासको मत पाएका छन्।

मुख्यमन्त्री यादवको पक्षमा ६२ र विपक्षमा ३६ प्रदेशसभा सदस्यहरूले मतदान गरेका थिए। प्रदेशसभा बैठकमा १०० प्रदेशसभा सदस्यहरूको उपस्थिति रहेको थियो।

शुक्रबार बसेको प्रदेशसभा बैठकमा बहुमत प्रदेशसभा सदस्यहरूले यादवको पक्षमा मतदान गरेका थिए।

एमालेलाई मधेस सरकारमा सामेल गराएपछि कांग्रेससँगै मुख्यमन्त्री यादवलाई एमाले, नेपाली कम्युनिस्ट पार्टी, नेपाल सङ्घीय समाजवादी पार्टीका प्रदेशसभा सदस्यहरूले समर्थन गरेका छन्।

यता जसपा नेपालले मुख्यमन्त्री यादवको विपक्षमा मतदान गरेको थियो भने जनमत पार्टी र राप्रपाका प्रदेशसभा सदस्यहरूले समेत मुख्यमन्त्रीलाई विश्वासको मत दिएनन्।

# आयोजना बैंकमा चार हजार तीन सय ९१ आयोजना दर्ता

काठमाडौं, ८ जेठ (रासस)।
चालु आर्थिक वर्षको हालसम्म परियोजना बैंकमा दर्ता भएका परियोजनाको सङ्ख्या चार हजार ३९१ पुगेको छ। अर्थ मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार, नयाँ आयोजनाको सङ्ख्या ३९० छन्।

त्यसमा आव २०८१/८२ को ६ वटा, गत चैत २२ मा १२६, गत वैशाख १० मा १३०, गत वैशाख १५ गते ३१ र यही जेठ ४ गते मात्रै १०३ आयोजना दर्ता भएका छन्। परियोजना बैंकमा रहेका आयोजनामध्ये क्रमागतका ९२ र अध्ययनका क्रममा रहेका तीन हजार ९०९ वटा छन्।

**अर्थतन्त्रको वर्तमान स्थिति र सम्भावनाका क्षेत्र**

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले शुक्रबार राष्ट्रियसभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिमा पेस गर्नुभएको विवरणअनुसार, मुलुकको अर्थतन्त्रको वर्तमान स्थिति र सम्भावनाका क्षेत्रमा विद्युत् उत्पादन र पर्यटक सङ्ख्या बढेको उल्लेख गर्नुभएको छ। बैंकमा अधिक निक्षेप तरलता रहेको र विदेशी विनिमयको पर्याप्त सञ्चिति रहेको छ।

यस्तै, वनको उत्पादकत्वमा वृद्धि, काष्ठ सामग्री र गैरकाष्ठ वन पैदावर निकासीमा उल्लेख्य वृद्धि भई रु २० अर्ब बराबर पुगेको अर्थमन्त्री डा वाग्लेले जानकारी दिनुभयो। यस्तै, विश्व कार्बन व्यापारमा प्रवेश गरेको, कार्बन बिक्रीबाट पहिलो किस्ताको नौ दशमलव चार मिलियन अमेरिकी डलर बराबरको रकम रकम वन विकास कोषमा जम्मा भएको छ।

कच्चा पदार्थ प्रदान गरी सिमेन्ट तथा जलविद्युत् उत्पादनमा अभिवृद्धि भई आत्मनिर्भर र निर्यातउन्मुख रहेको र तौलरहित व्यापार, डिजिटल सुशासन र सूचना प्रविधिका क्षेत्रबाट नेपालको युवा जनशक्तिको लाभ एवम् रोजगारी अभिवृद्धि हुने अवस्था रहेको उहाँले जानकारी दिनुभयो।

# भारतीय गृहमन्त्री साहद्वारा ४० किलो चन्दन पशुपतिनाथमा अर्पण

काठमाडौं, ८ जेठ (रासस)।
आराध्यदेव श्री पशुपतिनाथको मूर्तिमा श्रीयन्त्रको पूजा आराधना प्रयोजनका लागि भारतीय गृहमन्त्री अमित साहले ४० किलो चन्दन अर्पण गर्नुभएको छ।

भारतीय गृहमन्त्रीले पठाउनुभएको चन्दन प्रतिनिधिसभा सदस्य सन्दीप रानाको संयोजनमा पशुपतिनाथका मूल अर्चक गणेश भट्टलाई हस्तान्तरण गरिएको हो।

भारतबाट पशुपतिनाथको शिरमा श्रीयन्त्र पूजा गर्न प्रत्येक वर्ष विशेष प्रकारको चन्दन अर्पण हुने गरेको छ। गतवर्ष गोआका मन्त्रीले पशुपतिनाथलाई ३५ किलो चन्दन अर्पण गर्नुभएको थियो।

पशुपतिनाथका मूल अर्चकले बुझनुभएको चन्दन बिहीबारे गुठी संस्थान पशुपति गोश्वारा कार्यालयका प्रमुख सुशीला शर्मालाई भण्डारणका लागि जिम्मा लगाउनुभएको छ।


**राजबिराज नगरपालिका**
६ नं. वडा कार्यालय
राजबिराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नं.: ६२९
मिति :-२०८३०२०८

विषय :- राजविराज नगरपालिका वडा नं. ६ बाट जारी गरिएको सुचना ।

श्री ...............................
राजविराज, सप्तरी

उपरोक्त सम्वन्धमा जिल्ला सप्तरी सा. बिसहरिया गा.पा. वडा न. ४ हाल राजविराज न.पा. वडा न. १३ बस्ने स्व. पारस नाथ चौधरीको पत्नी ना.प्र.न. १५१०/१६२१४१११ श्रीमती विष्णु चौधरी मिति २०८३/०२/०८ दर्ता न. ८४६ को निवेदन मांग भए अनुसार सो सम्वन्धमा श्रीमती विष्णु चौधरीको पति स्व. पारस नाथ चौधरीको को नाउँमा तपसिल बमोजिमको जग्गा दर्ता कायम तथा भोग चलनमा रहेको र स्व. पारस नाथ चौधरीको मिति २०८२/१२/०९ गतेमा मृत्यु भैसकेको हुदा सो जग्गा निजको पत्नी श्रीमती विष्णु चौधरी लाई श्री मालपोत कार्यालयको नाउँमा सिफारिस गरिदिएमा अरु कसैको हकदावी, अंश रहेको भए सो आफु संग भएको सबुत प्रमाण लिई यस वडाका वडा कार्यालयको समयमा ३५ दिन भित्र आई दिनुहोला अन्यथा कानुन बमोजिम भई जाने छ ।

तपसिल

| जिल्ला | न.पा./गा.वि.स. | सा.वडा नं. | हाल कि.न. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| सप्तरी | सा. बिसहरिया हाल रा.वि | ४ | १३ | ४१५ | ०-०-८ | |
| सप्तरी | " | ४ | १३ | ४१८ | ०-०-३.५ | |
| सप्तरी | " | ४ | १३ | ७५२ | ०-०-१४.५ | |
| सप्तरी | " | ४ | १३ | ७६१ | ०-०-१३.२५ | |
| सप्तरी | " | ४ | १३ | ७६४ | ०-१-२.७५ | |
| सप्तरी | " | ४ | १३ | ७६७ | ०-२-३.७५ | |
| सप्तरी | " | ४ | १३ | ७७० | ०-०-८.७५ | |
| सप्तरी | " | ४ | १३ | ७७४ | ०-२-१७.०५ | |
| सप्तरी | " | ४ | १३ | ३९२ | ०-२-९ | |



सूचना !  सूचना !!  सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक/सहसम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट :** संजय शंखर
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*